मितिः २०८० बैसाख १८

# नेपाल शिक्षक संघ संघीय कार्य समितिको दोस्रो पूर्ण बैठकका निर्णयहरुः

**प्रस्ताव नं १. शैक्षिक एवम् पेशागत सम्बन्धमा**

नेपाल शिक्षक सङ्घले गुणस्तरीय शिक्षालाई पहिलो प्राथमिकता दिई स्थापनाकालदेखि आफ्ना अवधारणाहरु विभिन्न ढङ्गले प्रस्तुत गरिरहेको छ। यी विषयहरु शिक्षकका विगतका आन्दोलनहरुमा विभिन्न मागका रुपमा प्रस्तुत भएका छन् भने कतिपय विषयहरु वैचारिक दृष्टिकोणबाट पनि प्रस्तुत भएका छन्। उक्त विषयहरु छुट्याएर प्रस्तुत नहुँदा शिक्षकका आन्दोलनहरु पेसागत सुरक्षामा मात्र केन्द्रीत भएको समाजमा देखिन गएको छ। गुणस्तरीय शिक्षा विना पेसाको सुरक्षा सम्भव छैन भन्ने दृष्टिकोणमा शिक्षक सङ्घ पूर्ण विश्वस्त छ। त्यसैले गुणस्तरीय शिक्षाका विषयहरुलाई प्रधानता दिई पहिलो प्रस्तावको रुपमा प्रस्तुत गर्दछु। नेपालको संविधानमा हालको माध्यमिक तहसम्मको शिक्षाको प्रबन्धले पनि गुणस्तरीय शिक्षाका बारेमा प्रश्न उब्जाएको महसुस गरेका छु। त्यसैले, शिक्षा क्षेत्रका विविध समस्यहरुको समाधानका लागि,

- राष्ट्रलाई आवश्यक पर्ने उपयोगी जनशक्ति उत्पादन गर्न जीवनोपयोगी गुणस्तरीय शिक्षाका लागि आवश्यक पूर्वाधार तत्काल निर्माण गरिनुपर्ने,
- संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐन तथा स्थानीय शिक्षा नियमावली निर्माण गर्दा गुणस्तरीय शिक्षाका आधारलाई प्राथमिकता दिँदै राष्ट्रिय मापदण्ड निर्धारण गरी शिक्षाका सरोकारित पक्षहरुको सरसल्लाह र सहभागितामा निर्माण गरिनुपर्ने,
- शिक्षाको गुणस्तरीयताका लागि राष्ट्रिय बजेटको न्यूनतम २०% रकम शिक्षामा अनिवार्य रुपमा विनियोजन गरिनुपर्ने, यस प्रबन्धले सहस्राब्दी विकास लक्ष्य प्राप्ति तथा अन्य अन्तर्राष्ट्रिय मन्चमा नेपालका तर्फबाट गरिएका प्रतिबद्धता समेत पुष्टि हुने र,
- शिक्षकका संस्थासँग राज्यले विगतमा गरेका सम्झौतामा परेका सहमतिका विषय र विद्यमान समस्याहरुलाई समाधान गरी शिक्षक पेसालाई मर्यादित बनाउन तथा संविधानमा व्यवस्थित ट्रेड युनियन अधिकारलाई पुष्टि गर्दै सामूहिक सौदाबाजीको प्रत्याभूति गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सबै तहमा शैक्षिक संवाद समितिमार्फत शिक्षकका विविध शैक्षिक सवालहरू हल गरिनुपर्ने भएकोले

नेपाल शिक्षक सङ्घ स्थापनाको पहिलो मूल मन्त्र तथा उद्देश्य नै गुणस्तरीय शिक्षाको प्रबन्ध हो । गुणस्तरीय शिक्षाकै माध्यमबाट हाम्रो पेसा सुदृढ, सम्मानित र सुरक्षित रहने कुरामा नेपाल शिक्षक सङ्घ स्पष्ट छ । नेपाल शिक्षक सङ्घले गुणस्तरीय शिक्षाले खाली पेसाको सुरक्षा मात्र होइन, मुलुकको सकारात्मक परिवर्तन मार्फत समृद्ध र विकसित नेपालको आकांक्षालाई परिपूर्ति गर्न सक्ने कुरामा दृढतापूर्वक उभिँदै सोका लागि अत्यावश्यक पूर्वाधार र वातावरण निर्माणका लागि नेपाल शिक्षक सङ्घले निरन्तर सम्बन्धित पक्षसँग दबाब सिर्जना गरिरहेको छ । राज्यको पुनर्संरचनापश्चात संविधानमा गरिएको शिक्षाको प्रबन्धले शिक्षा क्षेत्रमा अन्योलता सिर्जना गरेको, अधिकारको गलत प्रयोग गर्ने परिपाटिको विकास भएको परिस्थिति एकातर्फ छ भने यति लामो समयसम्म संघीय शिक्षा ऐन नल्याउँदा शैक्षिक अराकता मौलाइरहेको अवस्था छ ।

शिक्षा क्षेत्रमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुका प्रति राज्यतर्फबाट गरिएको सौतेलो व्यवहारले गुणस्तरीय शिक्षामाथि प्रश्नचिह्न उठाइरहेको एकातर्फ छ भने संसारका सामु मुलुकको शिर निहुरिएको अवस्था छ ।

ICT ले नेतृत्व गर्ने शिक्षण सिकाई धेरै प्रभावकारी हुन्छन् भन्ने तथ्यलाई विभिन्न अनुसन्धानहरुले निश्कर्ष दिइसकेको छ । डिजिटल कल्चर र डिजिटल साक्षरता आजका शिक्षकहरुको महत्वपूर्ण र अपरिहार्य सक्षमता भैसकेको कुरा हामी सवैमा सञ्चार र वोध छ । हाम्रा विद्यालयहरुलाई Smart School को नामाकरण दिन शुरु गरिएको छ । यस्तो परिवेशमा हामी शिक्षकहरु पनि Smart Teacher हुनुको विकल्प रहेन ।

पाठ्यक्रम,पाठ्यपुस्तक, नोट देखि लिएर दैनिक शिक्षणका लागि कम्प्युटर, ट्यावलेट, ओभरहेड प्रोजेक्टर ,स्मार्ट वोर्ड, विषयगत स्लाइड,अडियो,भिडियो,मल्टिमेडियाहरु,मोवाइल एप्स,ओविनार व्यवस्थापन र अन्य डिजिटल समाग्रीहरुको प्रयोग कौसलतामा हामी दक्ष भएर मात्र आर्कषक,लोकप्रिय र मर्यादित शिक्षक हुन सकिने अवस्था छ । Technology will not replace teachers, but teachers who use technology will replace those who do not भन्ने तथ्य हामी सवैले हृदयङ्गम गर्न सक्नु पर्दछ । डिजिटल मोडका हाम्रा विद्यार्थीहरुसंग कक्षा कोठामा हामी शिक्षकहरु फिजिकल्ली प्रस्तुत भएर मात्र अवका दिनहरुमा प्रभावकारी सिकाई गराउन सकिदैन ।

एउटा Scottish proverb लाई यहाँ सम्झनु सान्दर्भिक ठान्दछु - “Learn young, learn fair; learn old, learn more” . जीवनप्रयन्त सिकाइ हाम्रो आवश्यकता हो । हामी शिक्षकहरु स्वयम् हाम्रो पेशागत सक्षमता हासिल गर्न स्वअध्ययन र स्वसिकाइमा जुटिरहनु पर्दछ । नेपाल शिक्षक सङ्घले आगामी दिनमा शिक्षकहरुको पहुच र सक्षमता वृद्धि गर्न निम्न कार्यक्रमहरु गर्न आवश्यक रहेकोले प्रस्ताव गरेको छु ।

- विधानमै प्रबन्ध गरी केन्द्र देखि स्थानीय तह सम्मको सवै संरचनामा प्रविधि तथा विषयगत **सूचना र सञ्चार प्रविधि विभाग** गठन गर्ने । यसलाई विधानमै संसोधन गरि वैधानिक प्रवन्ध गर्ने ।
- नेपाल शिक्षक सङ्घ सङ्घीय समितिको प्रविधि तथा विषयगत विभाग मार्फत शिक्षकहरुको विषयगत क्षेत्रमा प्राविधिक सक्षमता हासिल गराउन प्रदेश, जिल्ला र स्थानीय स्तरमा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गराउन निर्देशन ,समन्वय र नेतृत्व प्रदान गर्ने ।
- शिक्षकहरुलाई प्राविधिक सक्षमता हासिल गराउन महत्वपूर्ण अनलाइन पोर्टल, वेवसाइट, लर्निङ सेन्टर ,एप्स र प्रविधि सम्वन्धि ज्ञानात्मक सन्दर्भ स्रोतहरु र तीनीहरुको लिङ्कहरु उपलव्ध गराउने ।
- नेपाल शिक्षक सङ्घको अफिसियल वेवसाइटमा नै ICT सम्वन्धि Segment थप गरि शिक्षण र प्रविधि सम्वन्धि समाग्रीहरु डाउनलोड गर्न मिल्ने गरि व्यवस्थापन गर्ने ।
- शिक्षकहरुलाई प्रविधि सम्वन्धमा एकेडेमिक तालिम प्रदायक शिक्षालय र कार्यक्रमहरुको सूचना र पहुँच उपलव्ध गराउने ।
- नेपाल शिक्षक सङ्घ सङ्घीय समितिको सूचना र सञ्चार प्रविधि विभाग मार्फत नेपाल सरकारका तालिम प्रदायक संस्थाहरुसङ्ग समन्वय र सहकार्य गरि औपचारिक स्तरमा विषय गत तालीमहरुको सञ्चालन गर्ने ।
- सङ्घका सबै संरचनाहरुलाई आधुनिक सूचना र प्रविधिअनुसार सञ्चालनको प्रबन्ध गर्ने ।

शिक्षालाई राज्यको पहिलो प्राथमिकता र रुचिको विषय बनाइनु र शिक्षाको सम्पूर्ण दायित्व राज्यले बहन गर्नुपर्दछ अतः अबका दिनमा शिक्षालाई महत्वपूर्ण प्राथमिकतामा राख्दै,

- न्यूनतम २०% बजेट शिक्षामा राज्यको लगानी हुनुपर्दछ ।
- हाम्रा विद्यालय र कक्षाकोठा प्रविधिमैत्री तथा प्रविधियुक्त र शिक्षकहरु प्रविधि तालिमप्राप्त हुनुपर्दछ । सोका लागि आवश्यक प्रबन्ध राज्यतर्फबाट तत्काल गरिनुपर्दछ ।
- शिक्षाको दायित्व स्थानीय तहमा नभई ३ वटै सरकारको साझा सुचिमा सरकार मातहत राखिनु पर्दछ ।

- माध्यमिक तहसम्मको शिक्षा पूर्ण निःशुल्क गर्नु पर्दछ ।
- शिक्षा भूगोल, संस्कृति र आर्थिक अवस्था हेरी आधुनिक सर्वपक्षीय (कृषि, तरकारी, पशुपालन, सञ्चार, विद्युत् आदि) व्यावहारिक शिक्षाको प्रबन्ध गरिनुपर्छ ।
- व्यावसायिक शिक्षा अध्ययन गरेका व्यक्तिले सरकारी ऋण पाउने सरल व्यवस्था हुनुपर्छ ।
- व्यावसायिक शिक्षाबाट उपलब्ध हुने व्यवसायमा सरकारी अनुदानको व्यवस्था हुनु पर्छ ।

**त्यसैले, शिक्षा र शिक्षकका तत्काल सम्बोधन गर्नुपर्ने विषयहरु**

१. सरकारले महासङ्घसँग गरेका ५१ बुँदे सहमतिलाई अक्षरसः पालना गराउनुपर्ने ।
२. बाल शिक्षाका शिक्षक र विद्यालय कर्मचारीको तलबमान न्यूनतम श्रम ऐनले तोके बमोजिम हुनुपर्ने ।
३. स्थायी शिक्षकको समयबद्ध बढुवा, सम्पूर्ण अस्थायी सेवा गणना र असमान ग्रेड तथा तलबमानको समायोजन हुनुपर्ने ।
४. शिक्षालाई मुलुकको पहिलो प्राथमिकतामा राख्दै राष्ट्रिय बजेटको न्यूनतम २०% रकम बिनियोजन गरिनुपर्ने
५. शिक्षकको सहुलियत स्वास्थ्य उपचारका लागि तिव्र गतिमा अत्याधुनिक शिक्षक अस्पताल निर्माण गर्नुपर्ने,
६. माथिल्लो योग्यता वृद्धिका लागि शिक्षकलाई अध्ययन बिदा एवम् छात्रवृत्तिको प्रबन्ध गर्नपर्ने,
७. असमान दरबन्दी वितरणलाई व्यवस्थित गर्न दरबन्दी पुनर्वितरण कार्यदलको सिफारिस र महासङ्घसँग भएको सहमति बमोजिम थप दरबन्दी प्रक्षेपणपश्चात राष्ट्रिय रुपमा दरबन्दी मिलान गर्न र शिक्षक विद्यार्थी अनुपात वैज्ञानिक र व्यवहारिक बनाउनु पर्ने,
८. अपाङ्गता भएका शिक्षकहरुको घरपायक नियुक्ति र निवृत्तिभरण अवधि १५ वर्ष कायम गर्नुपर्ने,
९. शिक्षक, कर्मचारीलाई मासिक तलबभत्ता भुक्तानीको व्यवस्था गर्नुपर्ने,
१०. दुर्गम क्षेत्रमा कार्यरत शिक्षकको दुर्गम भत्ता, हिउँदे भत्ता र पोशाक भत्ता अन्य निजामती कर्मचारीसरह पाउने व्यवस्था गर्नुपर्ने,
११. सबै तहमा स्थायी नियुक्त महिला शिक्षकको पायक सरुवाको लागि विशेष व्यवस्था मिलाउनुपर्ने,
१२. स्थायी शिक्षकहरुको नियमित रुपमा समयबद्ध सामूहिक बढुवाको प्रबन्ध कायम गर्नुपर्ने ।
१३. वर्ष दिन पूरा भएपछि ग्रेड गणना गर्ने व्यवस्था गर्न र प्राविधिकको ग्रेड निजामती सरह गर्नुपर्ने,
१४. अनिवार्य अवकासमा परेका स्थायी शिक्षकहरुलाई उपदान वा पेन्सन प्रयोजनका लागि निजको पुरै अस्थायी सेवा अवधि गणना गरी सुविधा प्रदान गर्नुपर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २. बैठक संचालन कार्यविधि निर्माण सम्बन्धमाः**

नवौं महाधिवेशन सम्पन्न भएको लगत्तै बसेको यस समितिको पहिलो बैठकमा महासचिवद्वारा बैठक सञ्चालन सम्बन्धी आ-आफ्नो राय प्रदान गर्न माग भए अनुसार आजको बैठकमा लिखित सुझावको अपेक्षा गर्दै आगामी बैठकमा सम्म कार्यविधि निमार्ण गर्न महासचिव ज्ञानेन्द्र बहादुर रावलको संयोजकत्वमा देहाय बमोजिमको सदस्यहरु रहने गरि बैठक संचालन कार्यविधि तयारी समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः ज्ञानेन्द्र बहादुर रावल
सदस्यः १. नारायण प्रसाद तिमिल्सिना
२. गीता सिवाकोटी
३. प्रेम प्रसाद पौडेल
४. तिर्थराज प्रसाद यादव
५. काली बहादुर शाही
६. सीता थापा

**प्रस्ताव नं ३. विभागहरु गठन सम्बन्धमाः**

नेपाल शिक्षक संघको विधान २०४७ परिच्छेद ११ को २ ले व्याख्या गरे अनुसार निम्नानुसारका विभागहरुका संयोजक र सदस्यहरुलाई पूर्णता दिई आवश्यक कार्यहरु अगाडि बढाउन र उल्लेखित विभागहरुले सम्पादन गर्ने कार्य र निर्वाह गर्ने भुमिका कार्यविधि निर्माण गरि अगाडी बढाउने निर्णय गरियो ।

१) मानव अधिकार तथा प्रजातान्त्रीक संरचना विभागः

संयोजकः श्री सोमनाथ गिरी
सदस्यः श्री लक्ष्मण सिंह थापा
सदस्यः श्री राजकिशोर यादव
सदस्यः श्री गंगा गुरुङ
सदस्यः श्री नरेन्द्र गिरी
सदस्यः श्री विष्णुमाया भण्डारी

२) अनुगमन तथा मुल्याङ्कन/शिक्षा तथा प्रशिक्षण विभाग

संयोजकः वरिष्ठ उपाध्यक्ष श्री इलम बहादुर शाही
सदस्यः श्री विष्णुमाया भण्डारी
सदस्यः श्री दीपक ज्ञवाली
सदस्यः श्री राधिका कोइराला
सदस्यः श्री अर्जुन प्रसाद तिवारी

३) संगठन विभागः

संयोजकः श्री ज्ञानेन्द्र बहादुर रावल
सदस्यः श्री निर्मला कोइराला
सदस्यः श्री नारायण प्रसाद तिमिल्सिना
सदस्यः श्री तेज प्रसाद चौलागाई
सदस्यः श्री दीपक सिंखडा
सदस्यः श्री शिरोमणि लामिछाने
सदस्यः श्री लाल प्रसाद पंगेनी
सदस्यः श्री मान बहादुर रोकाया
सदस्यः श्री डिल्ली पन्त

४) महिला विभागः

संयोजकः महिला उपाध्यक्ष श्री धनकला भण्डारी
सदस्य सचिवः निर्मला कोइराला
सदस्यः गीता सिवाकोटी
सदस्यः सीता थापा
सदस्यः गंगा गुरुङ
सदस्यः नाइडु नेपाली
सदस्यः यसोदा कोइराला
सदस्यः विष्णुमाया भण्डारी
सदस्यः भगवती मल्ल
सदस्यः तारा चन्द
सदस्यः राधिका कोइराला

५) आर्थिक तथा परियोजना विभागः

संयोजकः श्री निर्मला कोइराला
सदस्यः श्री प्रेम प्रसाद पौडेल
सदस्यः श्री शिवहरी ढकाल

६) यूवा तथा सहक्रियाकलाप विभागः

संयोजकः श्री खड्क बहादुर खड्का
सदस्यः श्री काली बहादुर शाही
सदस्यः चेतन प्रसाद सुवेदी

७) पेशागत समस्या तथा सुरक्षा विभागः

संयोजकः श्री लक्ष्मी रेग्मी
सदस्यः श्री डिल्ली पन्त
सदस्यः तुलसी दङ्गाल

८) पेशा, स्वास्थ्य तथा सुरक्षा विभागः

संयोजकः श्री भगवती श्रेष्ठ
सदस्यः श्री दिपक सिंखडा
सदस्यः श्री शिवहरी ढकाल

९) सहकारी निर्माण तथा व्यवस्थापन विभागः

संयोजकः श्री सुन्दर पन्त
सदस्यः श्री लाल प्रसाद पंगेनी
सदस्यः श्री चेतनाथ अधिकारी

१०) योजना तथा अनुसन्धान विभागः

संयोजकः श्री प्रेम नारायण भण्डारी
सदस्यः श्री तेज प्रसाद चौलागाई
सदस्यः श्री रामकुमार अधिकारी

११) सामाजिक संरक्षण तथा कल्याण विभागः

संयोजकः श्री छोटेलाल प्रसाद शाह
सदस्यः श्री मान बहादुर रोकाया
सदस्यः श्री कल्याण प्रसाद सुवेदी

१२) निवृत्त शिक्षक परिचालन विभाग

संयोजकः श्री विरेन्द्र खड्का
सदस्यः श्री दिर्घ जंग सिंह
सदस्यः विष्णु भक्त जोशी

१३) सुचना संचार तथा प्रकाशन विभागः
संयोजकः श्री नारायण प्रसाद तिमिल्सिना
सदस्यः श्री शिरोमणि लामिछाने
सदस्यः श्री केशव बहादुर भण्डारी
सदस्यः श्री तारा चन्द

**प्रस्ताव नं ४. सहजकर्ता र श्रोत व्यक्ति नियुक्त सम्बन्धमाः**

आठौं महाधिवेशन पश्चात पहिलो पटक परिक्षणमा ल्याइएको जिल्लागत सहजकर्ता र पालिकागत श्रोत व्यक्ति नियुक्तिका कारण नेपाल शिक्षक संघको संगठन निर्माण, बैठक सञ्चालन र नियमिततामा बढोत्तरी भएको परिणाम सहित समयमै स्थानीय सहित जिल्ला अधिवेशन सम्पन्न गर्न सफलता प्राप्त भएकोले सहजकर्ता तथा श्रोत व्यक्ति नियुक्तिलाई निरन्तरता दिने निर्णय गरियो ।

**क) सहजकर्ता नियुक्ति निम्नानुसार गर्नेः-**

- सम्बन्धीत प्रदेशबाट संघीय समितिका उपाध्यक्ष संयोजक, प्रदेश अध्यक्ष सदस्य सचिव र प्रदेशवाट संघीय कार्य समितिमा रहनुभएका ३ सदस्य सहित ५ सदस्यिय समितिले शिफारिस गरे अनुसार सहजकर्ताहरुको जिल्ला तोकी नियुक्ति गर्ने ।

**ख) श्रोत व्यक्ति नियुक्ति सम्बन्धमाः-**

- जिल्ला कार्य समितिहरुले सम्बन्धित जिल्ला कार्य समिति वा पदाधिकारी तथा सदस्यहरुलाई पालिकागत रुपमा श्रोत व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्ने ।

**प्रस्ताव नं ५. सल्लाहकार समिति गठन सम्बन्धमाः**

प्रस्ताव नं ५ माथि छलफल गर्दा नेपाल शिक्षाक संघको उद्देश्य पूर्तिमा सघाउ पुऱ्याउन विधानको धारा ११.३ अनुसार एक महिला सहित बढिमा ५ सदस्यिय सल्लाहकार समितिमा निम्नानुसार व्यक्तित्वहरुलाई सल्लाहकार मनोनयन गर्ने निर्णय गरियो ।

- पूर्व अध्यक्षः- श्री केशव प्रसाद भट्टराई
- पूर्व अध्यक्षः- श्री मोहन ज्ञवाली
- पूर्व अध्यक्षः- श्री केशव निरौला
- निवर्तमान अध्यक्षः- श्री राजेन्द्रराज पौडेल
- पूर्व महिला उपाध्यक्षः- नर्वदा पोखेल

**प्रस्ताव नं ६. सांगठानीक सुदृढीकरण सम्बन्धमाः**

नेपाल शिक्षक संघ एक ऐतिहासीक संगठन हो । नेपालका सबै किसिमका शैक्षिक बेथिती बिरुद्ध- विद्यालय, सडक र सरकारसम्म यस संघले आवाज बुलन्द गर्दै आफ्नो छुट्टै पहिचान कायम गर्दै आएको छ ।

तसर्थ संघीयता पश्चात प्रयोगमा आएको हाम्रो विधान, विधान बमोजिमका समितिहरु, समितिहरुका क्रियाशिलता, विधान बमोजिम गर्नु पर्ने क्रियाकलाप आदीलाई केन्द्रित गरि सात वटै प्रदेशमा प्रदेश स्तरका भेला गर्ने र त्यस भेलामा संघीय समितिका कार्यक्रम प्रवोधिकरण गर्न संघीय महासचिव संयोजक रहेको निम्नानुसारको समितिले कार्यक्रम, उद्देश्य, उपलब्धिको पूर्वानुमान सहित निमार्ण गरेको कार्य योजना र कार्यविधि अनुसारका कार्यक्रमहरु प्रदेश अध्यक्षहरुको राय/सुझाव र समय तालिका वमोजिम सम्पन्न गर्ने निर्णय गरियो ।

योजना तथा कार्यक्रम तर्जुमा समितिः

संयोजकः महासचिव श्री ज्ञानेन्द्र बहादुर रावल
सदस्यः उपमहासचिव श्री नारायण प्रसाद तिमिल्सिना
सदस्यः उपमहासचिव श्री गिता सिवाकोटी
सदस्यः उपमहासचिव श्री प्रेम प्रसाद पौडेल
सदस्यः उपमहासचिव श्री तिर्थराज प्रसाद यादव
सदस्यः उपमहासचिव श्री सिता थापा
सदस्यः उपमहासचिव श्री काली बहादुर शाही

**प्रस्ताव नं ७. संगठनको पूर्णता सम्बन्धमाः**

नवौं महाधिवेशन पूर्व सम्पन्न गरि सक्नु पर्ने केही स्थानीय, जिल्ला र प्रदेश अधिवेशन हाल सम्म सम्पन्न नभएकाले सम्पन्न गर्न बाँकी अधिवेशन तत्काल सम्पन्न गर्ने कार्यादेशका लागि तपशिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

- उदयपूर जिल्ला अधिवेशन सम्पन्न गर्नः
  संयोजकः- उपाध्यक्ष श्री विरेन्द्र खड्का
  सदस्य सचिवः- श्री तेज प्रसाद चौलागाँई
  सदस्यः- श्री चेतन प्रसाद सुवेदी
  सदस्यः- श्री शिवहरी ढकाल
  सदस्यः- श्री गंगा गुरुङ

- जुम्ला जिल्ला अधिवेशन सम्पन्न गर्नः
  संयोजकः- उपाध्यक्ष श्री भगवती श्रेष्ठ
  सदस्य सचिवः- श्री मान बहादुर रोकाया
  सदस्यः- श्री केशव भण्डारी
  सदस्यः- श्री दिर्घ जंग शाही
  सदस्यः- श्री तारा चन्द

- मधेश प्रदेश अधिवेशन सम्पन्न गर्नः
  संयोजकः- उपाध्यक्ष श्री छोटेलाल प्रसाद साह
  सदस्य सचिव- महासचिव श्री ज्ञानेन्द्र बहादुर रावल
  सदस्यः- उपमहासचिव श्री नारायण प्रसाद तिमिल्सिना
  सदस्यः- उपमहासचिव श्री तिर्थराज प्रसाद यादव
  सदस्यः- संघीय सदस्य श्री राजकिशोर प्रसाद यादव
  सदस्यः- संघीय सदस्य श्री नरेन्द्र गिरी
  सदस्यः- संघीय सदस्य श्री नाइडु नेपाली

**प्रस्ताव नं ८. कार्यालय व्यवस्थापन सम्बन्धमाः**

नेपाल शिक्षक संघको संघीय कार्यालयलाई समयानुकुल व्यवस्थित, वैज्ञानिक र आकर्षक रुपमा व्यवस्थापन गर्न निम्नानुसारको समिति निर्माण गरि सोहि समिति मार्फत भवन मर्मत संभार, Official संरचना पुनः निर्माण र आवश्यक सामाग्री खरिद समेत गरि व्यवस्थापन गर्न निम्न वमोजिमको समितिलाई सम्पूर्ण अधिकार प्रदान गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजकः- | श्री ज्ञानेन्द्र बहादुर रावल | महासचिव |
| सदस्यः- | श्री निर्मला कोइराला | महासचिव अर्थ |
| सदस्यः- | श्री नारायण प्रसाद तिमिल्सिना | उप-महासचिव |

**प्रस्ताव नं ९. कार्य व्यवस्था समिति गठन सम्बन्धमाः**

नेपाल शिक्षक संघको विधान २०४७ को परिच्छेद १० ले व्याख्या गरे अनुसार संघीय समितिको पूर्ण बैठक बस्न संभव नभएको अवस्थामा आवश्यक निर्णय गरि अगाडी बढ्न बढाउन निम्नानुसारको १३ सदस्यिय कार्य व्यवस्था समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री सोमनाथ गिरी |
| २. | वरिष्ठ उपाध्यक्ष | श्री इलम बहादुर शाही |
| ३. | महिला उपाध्यक्ष | श्री धनकला भण्डारी |
| ४. | उपाध्यक्ष | श्री सुन्दर पन्त |
| ५. | महासचिव | श्री ज्ञानेन्द्र बहादुर रावल |
| ६. | महासचिव अर्थ | श्री निर्मला कोइराला |
| ७. | उपमहासचिव खुल्ला | श्री नारायण प्रसाद तिमिल्सिना |
| ८. | प्रदेश अध्यक्ष | श्री शिरोमणि लामिछाने |
| ९. | उपमहासचिव | श्री गिता सिवाकोटी |
| १०. | उपमहासचिव | श्री प्रेम प्रसाद पौडेल |
| ११. | उपमहासचिव | श्री तिर्थराज प्रसाद यादव |
| १२. | उपमहासचिव | श्री सिता थापा |
| १३. | उपमहासचिव | श्री काली बहादुर शाही |

**प्रस्ताव नं १०. नियमित कार्यालय संचालन र तलव सम्बन्धमाः**

नेपाल शिक्षक संघ संघीय कार्यालय आम शिक्षकहरुको आशा एवम् भरोशाको केन्द्र भएकोले यस कार्यालयलाई सुव्यवस्ति र वैज्ञानिक ढंगले अगाडी बढाउन अत्यन्तै आवश्यक छ, सम्पूर्ण सदस्यहरुको चुस्त अभिलेखिकरणा तन्दुरुस्त सुचना प्रणाली र सेवाग्राही शिक्षक र मातहतका कमिटिहरु प्रति यसको जिम्मेवारी महत्वपूर्ण छ । यिनै यावत विषयलाई व्यवस्थित गर्न आदरणीय अध्यक्षज्यू, महासचिव अर्थ र कर्मचारीहरुको सुविधा विगतमा उपलब्ध गराए सरह नै र महासचिवको हकमा निजले विद्यालयमा खाइपाइ आएको तलबमा ५०% रकम थप गरी उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ११. बरबुझारथ सम्बन्धमाः**

मिति २०७९ चैत्र २८-३० मा सम्पन्न नवौं महाधिवेशनबाट श्री सोमनाथ गिरीज्यूको नेतृत्वमा नयाँ संघीय कार्य समिति गठन भएकोले आठौं महाधिवेशनबाट निर्वाचित सम्पूर्ण जिम्मेवार पदाधिकारीहरुबाट तत्काल बरबुझारथ गर्ने गराउने निर्णय गरियो साथै जिल्ला तथा प्रदेश समितिहरुलाई सोही वमोजिम गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं १२. परिवहन खर्च सम्बन्धमा ।**

नेपाल शिक्षक संघको २०७५ बैसाख २८/३० गते बाट लागु गरिएको परिवहन खर्च पुनरावलोकन गर्न मनासिव देखिएकोले निम्नानुसारको समितिले प्रचलित कानुन र यातायात व्यवस्था

विभाग वा सो सम्बद्ध समितिले निर्धारण गर्ने र गरेको परिवहन खर्चको प्रस्ताव अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजकः- | श्री ज्ञानेन्द्र बहादुर रावल |
| सदस्यः- | श्री निर्मला कोइराला |
| सदस्यः- | श्री डिल्ली पन्त |
| सदस्यः- | श्री तेज प्रसाद चौलागाई |
| सदस्यः- | श्री मान बहादुर रोकाया |
| सदस्यः- | श्री प्रेम प्रसाद पौडेल |

**प्रस्ताव नं १३. EI PMC मा संस्थागत प्रतिनिधित्व सम्बन्धमाः**

नवउदारवादको ऋणात्मक प्रभावले सार्वजनिक शिक्षामा पारेको असर न्यून गर्न संघीय तहदेखि स्थानीय तहसम्म शिक्षक युनियनहरुलाई सक्रिय बनाई दिगो विकास लक्ष्य (SDGs) मा युनियनहरुको निर्णायक साझेदारीका लागि नेपाल शिक्षक सङ्घ र अन्य शिक्षक संगठनहरुको संयुक्त प्रयासमा Transforming Asia Pacific Region: The Education Unions Leading Agenda 2030 अन्तर्गत UNITE Program को नेतृत्व लिँदै अगाडि बढेका छौं । कोभिड-१९ पछि शिक्षा व्यवस्थामा आएको परिवर्तन र संघीय व्यवस्थामा शिक्षकहरुको ट्रेड युनियन आन्दोलन रणनीति फरक परेको अवस्थालाई मध्यनजर गरी ट्रेड युनियन अधिकार र शिक्षालाई स्थानीय संरचनसम्म विस्तार गर्ने उद्देश्यका साथ UNITE Program सञ्चालित छ । यसको सञ्चलन र व्यवस्थापनका लागि नेपाल शिक्षक संघको नेतृत्व र व्यवस्थापनमा तपसिल बमोजिमको कार्यक्रम व्यवस्थापन समिति Program Managenment Committee PMC ले कार्य गरिरहेको छ । सो समितिका लागि यस संघबाट नवनिर्वाचित आदरणीय अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष, महासचिव र महासचिव अर्थले कार्यक्रममा पूतिनिधित्व गरिरहनु भएकोमा अनुमोदन गर्ने निर्णय गरियो । साथै पिएमसीका लागि आवश्यक Focal Person विगतको परम्परा अनुसार यस समितिका वरिष्ठ उपाध्यक्ष श्री इलम बहादुर शाहीलाई प्रस्तावित गरिसकेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४. ट्रेड यूनियन कांग्रेसमा नेपाल शिक्षक संघबाट प्रतिनिधि पठाउने सम्बन्धमा**

नेपाल ट्रेड यूनियन कांग्रेसको यहि मिति २०८० जेष्ठ १२, १३ र १४ गते काठमाण्डौमा हुन गइरहेको सातौं महाधिवेशनमा नेपाल शिक्षक संघको तर्फबाट सहभागि हुने प्रतिनिधि कार्य व्यवस्था समितिको बैठकबाट नामावली पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं १५. प्रवक्ता मनोनयन सम्बन्धमाः**

नेपाल शिक्षक संघसँग सम्बन्धित माग र मुद्धाहरु, समन्वय, बैठक र निर्णय, भावि कार्यहरु र योजना आदि बारे मातहतका समिति, सदस्य र सार्वजनिकरुपमा सुचना प्रदान गर्न यस संघीय समितिका उपमहासचिव श्री नारायण प्रसाद तिमिल्सिनालाई प्रवक्ताको जिम्मेवारी प्रदान गर्ने साथै वैधानिक रुपमा नै प्रवक्तको प्रवन्ध गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं १६. STF Conference सम्बन्धमा**

नेपालको शैक्षिक आन्दोलनको इतिहासमा पहिलो पटक हुन गइरहेको STF Conference लाई भव्य र सभ्य रुपमा सफल बनाउन आवश्यक सम्पूर्ण तयारी गरि सक्रिय सहभागी हुन, उक्त सम्मेलनमा पठाउने प्रतिनिधि एवं परिवेक्षक छनोट गर्न र सामुदायिक विद्यालय कर्मचारी परिषद्ले EI

Affiliation को लागि गरेको निवेदन उपर समेत आवश्यक परामर्श गर्न र निर्णय गर्न केही समय लाग्ने भएकोले उक्त अधिकार कार्यव्यवस्था समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १७. नेपाल शिक्षक संघ (Nepal Teachers Association NTA) पेज सञ्चालन सम्बन्धमा**

वर्तमान विश्व परिवेश इन्टरनेटको प्रयोगका कारण सानो गाउँको रुपमा परिणत हुँदै गइरहेको छ । हाम्रा कक्षाकोठाहरु, विद्यालय, सबै तहका सरकार, हाम्रा समिति, नेतृत्व र सदस्यहरु इन्टरनेट र सामाजिक सञ्जालका कारण क्षणक्षणमा नयाँनयाँ विषयमा छलफल र अन्तरक्रिया गर्न अभ्यस्त हुदै गइरहेका छन् । तसर्थ, नेपाल शिक्षक संघ संघीय कार्यसमितिले पनि यस विषयलाई समयानुकुल मनन गर्दै जान आवश्यक छ । नेपाल शिक्षक संघका नाममा हाल सञ्चालनमा रहेका Facebook Page, Website संघीय अध्यक्ष र महासचिवको नियन्त्रण, निर्देशन र समन्वयमा सञ्चालन भइरहेका छैनन् । त्यसैले नेपाल शिक्षक संघको नाममा चलिरहेका त्यस्ता Page वा Site हाम्रो आधिकारीक नभएको सुस्पष्ट गर्दै यो बैठक पश्चात नयाँ Page र Site सञ्चालन गर्ने र Page र Site सञ्चालनको लागि निम्न व्यक्तिहरुलाई आधिकारीकता प्रदान गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. संघीय अध्यक्ष श्री सोमनाथ गिरी
२. वरिष्ठ उपाध्यक्ष श्री इलम बहादुर शाही
३. महासचिव श्री ज्ञानेन्द्र बहादुर रावल
४. महासचिव अर्थ श्री निर्मला कोइराला
५. प्रवक्ता श्री नारायण प्रसाद तिमिल्सिना

**प्रस्ताव नं १८. निवृत्त शिक्षकहरुको रोकिएको निवृत्तिभरण सम्बम्धमा**

आफ्नो सम्पूर्ण जीवन देसका कलिला बालबालिकाहरु सुखद भविष्य निर्माणका लागि व्यतित गरेका सम्मानित पूर्व शिक्षकहरुको निवृत्तिभरण हठात् रोकिएको सन्दर्भमा हाम्रो गंभिर ध्यानाकर्षण भएको छ । निजहरुले पाउदै आएको निवृत्तिभरण तत्काल र नियमित निकासाको लागि जोडदार माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १९. शिक्षक संघ स्थापना दिवस सम्बन्धमा**

नेपाली शिक्षकहरुलाई संसारभर परिचित गराउन सफल नेपाल शिक्षक संघको स्थापना दिवस उल्लासमय वातावरणमा सम्पन्न गर्न संघीय समितिले एक क्यालेन्डरको तयारी गरि विमोचन समारोह आयोजना गर्ने, साथै सबै प्रदेश, जिल्ला र स्थानिय तहलाई आआफ्नो परिस्थिति र परिवेश अनुसार स्थापना दिवस अनिवार्य रुपमा मनाउन निर्देशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २०. महासंघ सम्बन्धमा**

नेपाल शिक्षक महासंघ नेपाली शिक्षकहरुको छाता संगठन हो, राज्यद्वारा स्वीकार गरिएको वैधानिक संस्था हो । यो संस्थाको स्थापना नै नेपाल शिक्षक संघ कै संस्थागत पहलमा संस्थापक अध्यक्षता सहित भएको हो । त्यसैले यस संस्थाको निरन्तरता, क्रियाशिलता, विश्वशनियताको बढोत्तरीका लागि हाम्रो भुमिका हुनुपर्दछ । लामो समय देखि गर्न नसकिरहेको नेपाल शिक्षक महासंघको महाधिवेशन यथासिघ्र सम्पन्न गर्नुपर्ने र नेतृत्व लिनुपर्ने दायित्व पनि हाम्रै हो । त्यसैले, नेपाल शिक्षक महासंघको भुक्तानी गर्न बाँकी सदस्यता शुल्क भुक्तानी गर्ने लगाएत महाधिवेशनसँग सम्बन्धित विषयमा महासंघसँग छलफल अगाडी बढाउन अध्यक्ष श्री सोमनाथ गिरी र महासचिव श्री ज्ञानेन्द्र बहादुर रावललाई

जिम्मेवारी प्रदान गर्ने साथै सवै संरचनाहरुलाई महासंघको अधिवेशन/महाधिवेशन तत्काल सम्पन्न गर्न सक्रियतापूर्वक पहलकदमी लिन निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं २०. नवौं महाधिवेशनको निर्णय सार्वजनिक सम्बन्धमा ।**

नेपाल शिक्षक संघको मिति २०७९ चैत्र २८-३० गते सम्पन्न महाधिवेशनले गरेका शिक्षा र शिक्षकसँग सम्बन्धित निर्णयहरु सार्वजनिक गर्न एउटा प्रेस सम्मेलनको आयोजना गर्ने निर्णय गरियो ।

**जय नेपाल**



**ज्ञानेन्द्र बहादुर रावल**
**महासचिव**